बैठक संख्याः ३४ औं (आ.व. ०७३।७४)

बैठक मितिः ३१ आषाढ, २०७४

बैठक स्थलः संस्थाको कार्यालय

बैठकको अध्यक्षताः श्री मञ्जुकुमारी खड्का

बैठकः केन्द्रीय कार्यसमिति (आकष्मिक)

संस्थाः सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल, दैलेख

उपस्थिती

| | | |
|---|---|---|
| | श्री मञ्जुकुमारी खड्का | अध्यक्ष |
| | श्री हीरासिंह थापा | संस्थापक अध्यक्ष |
| | श्री वीरवहादुर नेपाली | उपाध्यक्ष |
| | श्री झलकवहादुर भण्डारी | महासचिव |
| | श्री दुर्गा श्रेष्ठ | कोषाध्यक्ष |
| | श्री नैनवहादुर शाही | सचिव |
| | श्री सूर्यवहादुर शाही | सदस्य |
| | श्री पवित्रा वादी | सदस्य |
| | श्री कल्पना थापा | सदस्य |
| | श्री सुमिक्षा चन्द | सदस्य |
| | श्री डम्वरवहादुर कार्की | कार्यकारी निर्देशक |

<u>निर्णय नं.१:</u>

यस संस्थाको केन्द्रीय कार्यसमितिको ३२ बैठकका निर्णयहरुका बारेमा समिक्षा गर्दै ३२ औं बैठक अवधिदेखि यस बैठक अवधि बीच संस्था पदाधिकारी, सदस्यहरु लगायत कार्यरत कर्मचारीहरु र संस्था समेतका विषयमा सुनेका र मनमा लागेका कुराहरु आदानप्रदान गर्ने क्रममा उपाध्यक्ष श्री वीरवहादुर नेपालीबाट एकीकृत सामुदायिक विकास परियोजनाका बारेमा आठविस न.पा. ४ को साविकको राकमकर्णाली ९ को सगरमाथा सामुदायिक संस्थाको घुम्तीकोष व्यवस्थापन राम्रो नभएको र बबैपानी सा.सं.को व्यवस्थापन राम्रो भएको साथै महिला, यूवा तथा बाल अधिकार प्रवर्द्धन कार्यक्रमको सा.प.को मासिक पारिश्रमिक बारे का.स. तथा लेखा शाखाबाट थाहा नभएको भनिएको बारेमा महासचिव श्री झलकवहादुर भण्डारीबाट आसा कार्यक्रमको कर्मचारीका लागि विज्ञापन किन नभएको र सचिव श्री नैनबहादुर शाहीबाट कार्यालयको ब्लक बीको शौचालयको सरसफाई र कार्यालयको फोन रातको ११:०० बजेसम्म व्यस्त राखिएका बारेमा जानकारी यस बैठकमा आदानप्रदान गरियो ।

<u>निर्णय नं.२:</u>

यस संस्थाको केन्द्रीय कार्यसमिति सदस्य श्री सुमिक्षा चन्द South Asia Regional Youth Network को महासचिव जस्तो गरिमामय पदमा निर्वाचित हुनु भएकोमा उहाँलाई हार्दिक धन्यवाद सहित सफल कार्यकालका लागि शुभकामना दिने निर्णय गरियो ।

**निर्णय नं.३:**

यस संस्था र नेपाल सरकार वन तथा भूसंरक्षण मन्त्रालय बीच पहाडी साना किसानका लागि अनुकूलन कार्यक्रम (आसा) को दैलेखका लागि सामाजिक परिचालन कार्यका लागि प्याकेज नं. १ का लागि . रु. २,२७,४५,११४।६० (रु.दुई करोड सत्ताईसलाख पैतालीसहजार एकसय चौध रुपैया साठी पैसा) बराबरको जुलाई १०, २०१७ देखि ३१ मार्च, २०२० सम्मका लागि सम्झौतामा हस्ताक्षर भएको जानकारी यस बैठकमा गरियो ।

**निर्णय नं.४:**

यस संस्थाको आ.व. ०७३।७४ को बाह्य लेखा परिक्षक नियुक्तिका लागि गरिएको विज्ञापन अनुसार लेखा परीक्षकका लागि आवेदन पेश गर्ने तपसिलका व्यक्ति र फर्महरु मध्येबाट देहायका व्यक्तिलाई नियुक्ति गर्ने निर्णय गरियो ।

तपसिल:

| क्र.सं. | नाम | ठेगाना | पेश गरिएको लेखा परीक्षणका लागि कवोल रकम रु . | कैफियत |
|---|---|---|---|---|
| १ | श्री एम.के.एन.वि. एसोसियट्स | काठमाण्डौं म.न.पा. | ८५,०००। | वैकल्पिक |
| २ | श्री वि.वि.आर.वि. एण्ड एसोसियट्स | नेपालगञ्ज उ.प.म.न.पा २, बाँके | ५०,०००। | छनौट |
| ३ | के.जे.एण्ड एसोसियट्स | नेपालगञ्ज उ.प.म.न.पा | ६५,०००। | बैकल्पिक |

बाह्य लेखापरीक्षण प्रयोजनका लागि यस संस्थामा आवेदन पेश गर्ने माथि उल्लेखित फर्म मध्ये सवैभन्दा कम रकम पेश गर्ने श्री वि.वि.आर.वि. एण्ड एसोसियट्सलाई नियुक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:**

यस संस्थाको आ.व. ०७३।७४ को १० औं संस्थागत सामाजिक तथा लैङ्गिक परिक्षक नियुक्तिका लागि गरिएको विज्ञापन अनुसार लेखा परीक्षकका लागि आवेदन पेश गर्ने तपसिलका व्यक्ति र फर्महरु मध्येबाट देहायका व्यक्तिलाई नियुक्ति गर्ने निर्णय गरियो ।

तपसिल:

| क्र.सं. | नाम | ठेगाना | पेश गरिएको कवोल रकम रु . | कैफियत |
|---|---|---|---|---|
| १ | श्री विष्णुप्रसाद शर्मा | नारायण न.पा. ३, दैलेख | | छनौट |
| २ | श्री कविराज वि.सी. | नारायण न.पा. ६, दैलेख | | बैकल्पिक |
| ३ | श्री कमल शर्मा | नारायण न.पा. ६, दैलेख | | बैकल्पिक |

यस संस्थाको १० औं संस्थागत सामाजिक तथा लैङ्गिक परिक्षक नियुक्तिका लागि गरिएको विज्ञापन अनुसार आवेदन लेखा परीक्षकका लागि आवेदन पेश गरेका मध्ये श्री विष्णुप्रसाद शर्मालाई नियुक्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:**

यस संस्था र गरीवी निवारण कोष, नेपाल बीच आ.व. ०७३।७४ का लागि भएको सम्झौता बमोजिम एकीकृत सामुदायिक विकास परियोजनामा रिक्त सा.प. पदमा १ जेष्ठ, २०७४ देखि लागु हुने गरि श्री सम्झना थापा र मिमबहादुर चन्दलाई मासिक रु. १४,०००। भुक्तानी दिने गरि नियुक्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:**

यस संस्था र सेभ चिल्ड्रेन बीचको साझेदारीमा सञ्चालित सहयात्रा परियोजनाको रिक्त शिक्षा अधिकृत पदमा जुलाई १०, २०१७ देखि लागु हुने गरि श्री मोहनप्रसाद पौड्यललाई मासिक रु. ३०,०००।, पि.एफ. ३०००, दुर्गम भत्ता रु. ५,०००। र सञ्चार रु. ५,००। गरी कूल रु. ३८,५००। भुक्तानी दिने गरि नियुक्ति गर्ने निर्णय गरियो । साथै सहायक अभिलेखिकरण अधिकृत श्री गणेशवहादुर थापाले खाईपाइ आएको मासिक पारिश्रमिकको ५० प्रतिशत रकम रु. १४,०००। र पि.एफ. रु १,४००। गरी कूल रु. १५,४००। सहयात्रा परियोजनाबाट जुलाई १, २०१७ देखि भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ८**

यस संस्थाद्वारा आ.व. ०७३/७४ मा विभिन्न विकास साझेदार सहयोगी निकायहरुसंगको साझेदारीमा सञ्चालित कार्यक्रम/परियोजना र सोसेक आन्तरिक कोष तर्फको बार्षिक आम्दानी र खर्चको विवरण तपसिल बमोजिम रहेको जानकारी यस बैठकमा गराई यस आ.व.को आम्दानी र खर्च माथि छलफल तथा समीक्षा गरियो ।

| सिनं. | परियोजनाको नाम | दातृ निकाय | बार्षिक बजेट | बार्षिक खर्च | कैफियत |
|---|---|---|---|---|---|
| १. | सहयात्रा परियोजना | सेभ द चिल्ड्रेन | २४८५३५८५.०० | २५३४३२४७.३१ | |
| २. | उच्च मूल्य कृषि वस्तु विकास आयोजना | नेपाल सरकार/आईफाइड | २८०२९२८.६८ | २८०५१०७.०० | |
| ३. | उत्थानशिल जिविकोपार्जनका लागि सामुदायिक अनुकुलन क्षमता अभिवृद्धि परियोजना | डिसिए | ६०१८०५५.६५ | १४१२६०९.०० | |
| ४. | अधिकारमा आधारित जिविकोपार्जन परियोजना | फास्नोफर | ३२०४९९१.५७ | २८१२७६३.९३ | |
| ५. | जलश्रोत व्यवस्थापन परियोजना | हेल्भेटास/जलश्रोत व्यवस्थापन परियोजना | १४५००००.०० | २१६७९६१.०९ | |
| ६. | ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना | जिसस/ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना | ४०९२७६०.४१ | ४८८४७९०.०० | |
| ७. | उत्थानशिल जिविकोपार्जनमा सामुदायिक पहल सुदृढिकरण परियोजना | DCA/ICCO/ LWF | १९४०८८४.९२ | २००४०९६.२५ | |
| ८. | एकीकृत सामुदायिक विकास परियोजना | गरिवी निवारण कोष | १५८७८१४.५४ | ११५८६१६.०० | |
| ९. | सोसेक आन्तरिक कोष | | १३९२०७०.५६ | १३९२०७०.५६ | |
| **कूल जम्मा** | | | ४६६०७९३०.४३ | ४३९९०२६१.१४ | |

**निर्णय नं. ९**

यस संस्थालाई बार्षिक रुपमा जिल्ला प्रशासन कार्यालय, दैलेखमा नविकरण गर्नु पर्ने भएकोले नविकरणका लागि आवश्यक कागजात तथा विवरण तयार गरी नियमानुसार नविकरण गर्ने निर्णय गरियो ।

पवित्रा